नेपालसरकार

शिक्षा,विज्ञान तथा प्रविधि मन्त्रालय

# शिक्षा तथा मानव स्रोत विकास केन्द्र

सानोठिमी, भक्तपुर

(शासकीय सुधार शाखा)

नेपाल सरकार
शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय
शिक्षा तथा मानव स्रोत विकास केन्द्र
सानोठिमी, भक्तपुर

पत्र संख्याः ०७८/७९/शा.सु.

चलानी नः ६८३६

मिति २०७८/०१/१२

विषयः आवश्यक कारवाही सम्बन्धमा ।

श्री शिक्षा विकास तथा समन्वय इकाई,

सबै।

शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालको प.सं. ७८/७९(सुशासन), च.नं.७८, मिति २०७८।१२।२९ को "गुणस्तरहिन सेनेटरी प्याड" विषयक पत्र र यसैसाथ संलग्न अन्य कागजातका छाँयाकपि यसैसाथ संलग्न छ।सामुदायिक विद्यालयका छात्रालाई प्रदान गरिने निःशुल्क सेनेटरी प्याड गुणस्तरहिन रहेको गुनासो आएकोले सो सन्दर्भमा के- कसो भएको हो अनुगमन गर्नु/गराउनु हुन र कार्यविधी अनुसारको न्यूनतम मापदण्ड नभए तँहाबाट आवश्यक कारवाही हुन र सोको जानकारी यस केन्द्रमा पठाउनहुन निर्देशानुसार अनुरोध छ।

<u>बोधार्थ</u>

श्री शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय, प्रशासन तथा सुशासन प्रबर्द्धन शाखा, सिंहदरवार।

श्री स्थानीय तह सबैः उपर्युक्तानुसारको व्यवस्था प्रभावकारी रूपमा कार्यान्वयका लागि सहजीकरण गरिदिन हुन।

२०७८/०१/१२

.....................

विजया सत्याल

शाखा अधिकृत

# छात्राले प्रयोग गर्न छाडे निःशुल्क प्याड

**देशभरका २९ हजार सामुदायिक विद्यालयका छात्रालाई निःशुल्क वितरण गर्न ३ वर्षमा साढे ४ अर्ब खर्च, तर पालिका र विद्यालयहरूले खरिद गरेका प्याड गुणस्तरहीन**

**मधु शाही** (काठमाडौं)

सरकारले सामुदायिक विद्यालयका छात्रालाई निःशुल्क सेनेटरी प्याड वितरणका नाममा ३ वर्षमा साढे चार अर्ब रुपैयाँ खर्च गरिसकेको छ। यो रकमबाट पालिका र विद्यालयहरूले खरिद गरेका प्याड भने गुणस्तरहीन भएको भन्दै छात्राहरूले प्रयोग गर्न छाडेका छन्।

विद्यालयहरूले उपलब्ध गराएका प्याड सरकारले तोकेको मापदण्डअनुसारका नभएको, प्रयोग गर्दा आधा घण्टा पनि नथेगेको, लगाउँदा खस्रो भएको, टाँसिने गम कम भएको, चिलाउने, पोल्नेजस्ता समस्या आएको भन्दै छात्राहरूले प्रयोग गर्न छाडेपछि शिक्षा मन्त्रालयको यो कार्यक्रमसमाथि नै प्रश्न उठेको छ।

सरकारले आर्थिक वर्ष २०७६/०७७ मा २९ हजार सामुदायिक विद्यालयका १४ लाख ३७ हजार छात्रा लाभान्वित हुने गरी निःशुल्क प्याड वितरण कार्यक्रम सुरु गरेको थियो। त्यसका लागि पहिलो वर्ष १ अर्ब २७ करोड र २०७७/०७८ मा १३ लाख ४० हजार छात्राका लागि १ अर्ब ८२ करोड रुपैयाँ छुट्याएको थियो। यो वर्ष १० लाख ५८ हजार छात्राका लागि १ अर्ब ४३ करोड रुपैयाँ बजेट विनियोजन गरिएको छ। संघीय सरकारले विनियोजित बजेट सबै स्थानीय तहमा पठाउँछ।

सरकारले प्याड वितरण कार्यक्रमका लागि कार्यविधि नै बनाएको छ, जसमा कस्तो प्याड खरिद गर्ने भनेर मापदण्ड तय गरिएको छ। कार्यविधिमा प्याडको लम्बाइ, चौडाइसहित त्यसमा प्रयोग हुने कपडाको समेत न्यूनतम मापदण्ड तोकिएको छ तर त्यो पालना भएको छैन। कतिपय स्थानीय तहमा मापदण्ड अनुसारको प्याड खरिद भएको छैन भने कतिपयमा खरिद प्रक्रिया नै अपारदर्शी देखिएको छ। तर, मापदण्डअनुसार प्याड खरिद भए/नभएको अनुगमनका लागि सबै स्थानीय तह, प्रदेश र केन्द्रमा समेत गठित समितिले प्रभावकारी काम गरेका छैनन्।

भृकुटीमण्डपस्थित पद्मोदय माध्यमिक विद्यालयकी छात्रा आरती मगरलाई विद्यालयमै निःशुल्क सेनेटरी प्याड पाइन्छ भन्ने थाहा छ तर उनी झोलामा प्याड बोक्न छुटाउँदिनन्। विद्यालयमा पाइने प्याड लगाएका दिनको सकसपूर्ण अनुभव उनीसँग छ। एक दिन कक्षामा भएकै बेला उनलाई रजस्वला भयो। विद्यालयले दिएको प्याड प्रयोग गरिन् तर केही बेरपछि चिलाउन थाल्यो। बाँकी पृष्ठ ८▸▸



## गुणस्तर जाँचबिनै भित्रिन्छन्

**ल्याबमा लगेर परीक्षण गर्नु त टाढाको कुरा**
**भन्सार कार्यालयले गुणस्तर खुल्ने कागजपत्रसमेत माग्दैन**

**सीमा तामाङ** (काठमाडौं)

नेपालमा भारत, चीन, डेनमार्क, हङकङ, फिलिपिन्स, बेलायत, अमेरिकालगायत मुलुकबाट सेनेटरी प्याड आयात हुन्छ। प्याड गोटा र किलोमा आयात हुन्छ भने ट्याम्पोन र मिन्स्ट्रुअल कप वटामा आयात हुन्छ। विभिन्न मुलुकबाट आयात हुने प्याड भन्सार कार्यालय हुँदै बजारमा प्रवेश गर्छन्।

नेपाल भित्रिने पहिलो नाकामा नै प्याडको गुणस्तर हेरिनुपर्ने हो। तर भन्सार कार्यालयले गुणस्तर खुल्ने कागजपत्र माग्ने नियम नै छैन। ल्याबमा लगेर गुणस्तर परीक्षण गर्नु त टाढाको कुरा हो। अधिकांश आयातकर्तासँग प्याडको गुणस्तर खुल्ने वा प्रमाणित गर्ने कागजपत्र पनि हुँदैनन्, न त भन्सार कार्यालयले माग्ने प्रावधान नै छ। 'परिमाण र कम्पनीको नामका आधारमा जाँचपास हुन्छ, कागजपत्रमा उच्च गुणस्तर भन्ने लेखेको हुन्छ, कुनैमा हुँदैन,' एक भन्सार अधिकृतले भने, 'हामीसँग प्याडको गुणस्तर परीक्षण गर्ने ल्याबहरू छैनन्, खाद्यान्न, कृषि र जिउँदो पशुपक्षीको मात्र परीक्षण हुन्छ।'

आयातित प्याडको गुणस्तर परीक्षण नहुँदा महिलाको स्वास्थ्य जोखिममा छ। गुणस्तरहीन प्याड परेको अवस्थामा महिनावारीको बेलामा बगेको रगत योनिवरिपरि लाग्ने र संक्रमण हुने प्रसूतिगृहका स्त्री तथा प्रसूति रोग विशेषज्ञ डा. कृतिपाल सुवेदीले बताए। 'गुणस्तरहीन प्याडको प्रयोगले चिलाउने र सेतो पानी बग्ने समस्या हुन्छ, दीर्घकालसम्म संक्रमण रहिरह्यो भने पाठेघरको मुखमा घाउ हुन सक्छ,' उनले भने। बाँकी पृष्ठ ८▸▸

गोश्वारा दर्ता
दर्ता नं. 78/79C-053180
मिति 078।12।09

नेपाल सरकार

# शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय

प्रशासन तथा सुशासन प्रवर्द्धन शाखा

सिंहदरबार,
काठमाडौँ, नेपाल ।

पत्र संख्या:- ०७८/७९(सुशासन)
चलानी नं.:- ६८

मिति : २०७८।१२।२९

**विषय : आवश्यक कारवाही सम्बन्धमा ।**

शिक्षा तथा मानव स्रोत विकास केन्द्र
दर्ता नं: २८८३
मिति: २०७९/०१/०४

श्री शिक्षा तथा मानवस्रोत विकास केन्द्र,
सानोठिमी भक्तपुर ।

उपर्युक्त विषयमा श्री अख्तियार दुरुपयोग अनुसन्धान आयोग टंगालको प.सं. कानून(शिक्षा)१(ख)-२५५/०७८/७९, च.नं. शिक्षा २७४९६, मिति २०७८।१२।१५ को पत्रबाट आयोगमा दर्ता हुन आएको उ.द.नं. C-०३३१८०, मिति २०७८।१२।०९ को उजुरीका सम्बन्धमा आवश्यक कारवाहीका लागि लेखि आएको हुँदा सो सम्बन्धमा तहाँबाट आवश्यक छानवीन तथा कारवाही हुन र सोको जानकारी यस मन्त्रालयमा पठाउनुहुन आयोगको पत्र तथा अन्य कागजातको प्रतिलिपि यसैसाथ संलग्न राखी पठाइएको व्यहोरा निर्देशानुसार अनुरोध छ।

विष्णुप्रसाद आचार्य
शाखा अधिकृत

**बोधार्थ**

श्री अख्तियार दुरुपयोग अनुसन्धान आयोग
टंगाल काठमाडौं।

मानव संशाधन विकास महाशाखा

श्री शासकीय सुधार शाखा,